धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या ११/०८०/०८१

आज मिति २०८० साल चैत्र १५ गते, बिहीबार बिहान ८:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिती:

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्रीयज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्रीनरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री गणेश प्रसाद खतिवडा | नि.प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| कस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | मिना तामाङ | वडा सदस्य | धरान - ४ | |

मिति २०८०/१२/१५ गते धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरु:

१. <u>बैठकको गणपूरक संख्या सम्बन्धमा।</u>

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २९ जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. <u>अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।</u>

यस अघि मिति २०८०/११/१५ गते बसेको कार्यपालिकाको बैठकमा विविध सहित जम्मा ५ वटा निर्णयहरु भएको थिए। उक्त निर्णयहरू कार्यान्वयन भएको पाइयो।

३. <u>बहुसांस्कृतिक पार्कको ठेगाना संशोधन गर्ने सम्बन्धमा।</u>

डिभिजन वन कार्यालय सुनसरीको आ.ब. २०८०/८१ को स्वीकृत वातावरण विभाग संघ शसर्त अनुदान सि.नं. ११.४.१७.१३७ अन्तर्गतबाट धरान उपमहानगरपालिका वडा नं. १६ मा बहुसांस्कृतिक पार्क निर्माणका लागि उल्लेख भई आएकोमा उक्त पार्क निर्माण स्थल सो वडामा नभएकोले धरान उपमहानगरपालिका वडा नं. ५ मा उक्त पार्क निर्माण स्थल निर्माण गर्न उपयुक्त देखिएकोहुँदा ठेगाना संशोधन गर्ने निर्णय गरियो। साथै आवश्यक कार्वाहिका लागि सम्बन्धित निकायमा पठाउने समेत निर्णय गरियो।

४. <u>हाईटेन्सन लाइनको सुझाव प्रतिवेदन सम्बन्धमा।</u>

धरान उपमहानगरपालिकाका विभिन्न वडाहरुबाट विस्तारित धरान-धनकुटा ३३ के.भी.ए. राष्ट्रिय प्रसारण लाइनको स्थानान्तरणका लागि मिति २०८०।०८।०७ गतेको कार्यपालिका बैठकबाट १५ नं. वडाका वडाध्यक्ष श्री नरेशकुमार ईवारमको संयोजकत्वमा ९ सदस्यीय टोली गठन भएको सुझाव समितिबाट हाइटेन्सन लाइनबाट उक्त क्षेत्रको वासिन्दा लगायत वस्तीमा परेको प्रत्यक्ष असरको समाधानका लागि स्थलगतरुपमा अध्ययन तथा निरीक्षण गरि पेश गरिएको सुझावहरु आवश्यक कार्वाहिका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

५. <u>विद्यालयको स्तरउन्नती स्वीकृती सम्बन्धमा।</u>

शैक्षिक सत्र २०८१ देखि पूर्व प्राथमिक कक्षा सञ्चालन, कक्षा थप र तह थप अनुमतिका लागि यस उपमहानगरपालिका भित्रका विभिन्न विद्यालयहरुबाट निवेदन पेश भएकोमा शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट स्थलगत अनुगमन गरि पेश भएको प्रतिवेदनका आधारमा मौजुद संघीय शिक्षा नियमावली, २०५९(संशोधन सहित) बमोजिम न्यूनतम पूर्वाधार पुरा गरेका विद्यालयहरुलाई अनुमति प्रदान गर्ने निर्णय गरियो। अनुमति प्राप्त गरेका विद्यालयहरु र अनुमति प्राप्त कक्षा प्रमाणित गरेर पछाडी पानामा टाँस गरिएको छ।

६. <u>आ.ब. २०८१/०८२ का लागि प्रदेश समपुरक अनुदान माग गर्ने सम्बन्धमा।</u>

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५(दोस्रो संशोधन समेत) को दफा ३ बमोजिम आ.ब. २०८१/८२ का लागि धरान उपमहानगरपालिकाको समेत लागत साझेदारी हुने गरी तपसिलमा उल्लेखित आयोजनाहरु माग गर्नका लागि माथि उल्लेखित कार्यविधिको अधिनमा रही निर्धारित समयभित्रै प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| प्राथमिकता क्रम | आयोजनाको विवरण | कैफियत |
|---|---|---|
| १ | ८ नं. वडाको बसपार्कबाट कोशी राजमार्ग जोड्ने सडक निर्माण, धरान-८ | सालबसाली आयोजना |
| २ | २० नं. वडाको चिण्डेडाडाबाट धरान मुख्य बजार पुग्ने ग्रामिण सडक, धरान-२० | दुई वर्षिय आयोजना |

७. तहबृद्धि समिति अनुमोदन गर्ने सम्बन्धमा।

कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (४) मा कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति गठन गर्ने व्यवस्था रहेकोमा उक्त समितिमा तपसिल बमोजिमको वरिष्ठ कर्मचारीहरु मनोनयन गर्ने नगर प्रमुख स्तरीय भएको निर्णय आजको बैठकबाट अनुमोदन गरियो।

क. श्री जुनु राई, अधिकृत आठौं

ख. श्री गणेश प्रसाद खतिवडा, अधिकृत आठौं

८. खानेपानी मुहान दर्ता सम्बन्धमा।

यस उपमहानगरपालिकबाट स्वीकृत भइ लागु भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुले मुहान उपभोगको अनुमतिका लागि निवेदन पेश गरेको र खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ अनुसार गठन भएको मुहान उपयोग सिफारिस समितिले उक्त क्षेत्रको स्थलगत अनुगमन गरि सिफारिस गरे बमोजिम तपसिलका उपभोक्ता समितिहरुलाई तपसिल बमोजिमको खानेपानी मुहानहरु उपयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

क) शिवजट्टा खानेपानी उपभोक्ता समिति, धरान-४ ले प्रयोग गरिरहेको धरान-४ मा रहेको झ्याँकी खोल्सी, मुर्मे र सेर्गे खोल्सी (अग्नीखोप) मुहान।

ख) भोर्लेनी खानेपानी उपभोक्ता एवं सरसफाई समिति, धरान-४ ले प्रयोग गरिरहेको धरान-४ मा रहेको बेतखोला मुहान।

९. सांगितिक सांस्कृतिक सम्पदा निर्माण सम्बन्धमा।

नेपाली मूर्त तथा अमूर्त सांस्कृतिक/संगीतिक सम्पदा अन्तर्गत पर्ने मौलिक कला, संगीत, साहित्य, परम्परा आदि को संरक्षण, विकास, अनुसन्धान, सदुपयोग, शैक्षिक रूपान्तरण र प्रवर्धन गर्ने उद्देश्यले; "Institute of Applied Music, Real Intelligence and Cultural Heritage" (I AM RICH) नामक एक अनुसन्धान संस्थान (Research Institute): को निर्माण तथा स्थापनाका लागि संस्थानले यस क्षेत्रमा गर्ने योगदानको सम्बन्धमा संस्थाका अध्यक्ष तथा पदाधिकारीहरुसँग छलफल गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

१०. बाटो दर्ता, नामाकरण तथा नाम परिवर्तन सम्बन्धमा।

धरान उपमहानगरपालिका क्षेत्रभित्र रहेका विभिन्न बाटो दर्ता, नामाकरण तथा नाम परिवर्तन सम्बन्धमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ता समितिको संयुक्त निर्णय, प्राविधिकहरुको स्थलगत अनुगमनको आधारमा शाखा महाशाखाबाट सम्पूर्ण प्रक्रिया पूरा गरी पेश गरिएको तपसिल बमोजिमका बाटो दर्ता, नामाकरण तथा नाम परिवर्तन स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

बाटो दर्ता तथा नामाकरण

| प्र. बाटोको नाम, ठेगाना | प्र. बाटोको मापदण्ड | देखी | सम्म | कैफियत |
|---|---|---|---|---|
| दिर्घमान मार्ग, धरान-१५ | २० फिट | सुसन मार्ग | दक्षिण पश्चिम कि.नं. २०६०, २०९० | कि.नं. २०६०,२०७६,२०९१,२०३५,२०४५,२०९९,२०४० मितिः २०७८ सालमा ने.स. मा चढाएको। |
| चोलुङ्ग मार्ग, धरान-६ | २० फिट | स्मृति मार्ग पश्चिम तर्फ देखि | कि.नं. २८०५ र २८१३ सम्म | कि.नं. २८२१ मिति २०७५।०३।२९ मा ने.स.मा चढाएको। |
| गादी गणेश मार्ग, धरान-१४ | २० फिट | कि.नं. १४३६, १२१, १५०२ देखि | कि.नं. १४७६, १५०३, १५०१ सम्म | कि.नं. १५०७, १५०४ र १४७३ मितिः २०८०।११।१४ मा ने.स. मा चढेको। |

बाटोको नाम परिवर्तन

| क्रस | निवेदक | वडा नं. | साविकमा भएको नाम | हाल प्रस्ताव गरेको नाम |
|---|---|---|---|---|
| १ | सुवास खवास, तुलसी-भीष्म-चण्डेश्वरी टोल विकास समिति अध्यक्ष | १५ | तुलसी पथ लुप | बिक्रम पथ |

११. स्थायी कार्यालय तथा स्थायी पद दर्ता सम्बन्धमा।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश, विराटनगर, नेपालबाट प्रदेश भित्र रहेका स्थानीय तहहरुको स्थायी कर्मचारीहरुको अभिलेख राख्न प्रदेश किताबखानाको स्थापना भई कार्य सञ्चालनका लागि प्रदेश किताबखाना (कार्यसञ्चालन) निर्देशिका २०८० स्वीकृत भई सकेकाले उक्त निर्देशिकामा भएको व्यवस्था बमोजिम धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा यस कार्यालयमा भएका स्थायी पदहरु प्रदेश निजामति किताबखानामा आवश्यक कागजात सहित कार्यालय तथा स्थायी पद दर्ताका लागि पठाउने साथै धरान उपमहानगरपालिकाको १३ औं नगर सभाबाट स्वीकृत स्थायी पद तथा दरबन्दी अनुसारको कर्मचारीहरुको, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५७(७) मा **स्थानीय सरकारी सेवाका कर्मचारीहरुका लागि प्रदेशमा निवृत्तीभरण तथा उपदान प्रयोजनका लागि एक छुट्टै कोष रहनेछ। त्यस्तो कोष सञ्चालन गर्ने व्यवस्था तोकिए बमोजिम हुने।** भन्ने व्यवस्था कार्यान्वयन नहुन्जेलसम्म कर्मचारीहरुले पाउने सेवा सुविधा पालिकाबाट नै भुक्तानी गर्दा थप दायित्व सृजना नहुने गरि प्रतिबद्धता जाहेर गर्ने निर्णय गरियो।

१२. कुम्भ मेलामा आवश्यक सहजीकरण र समन्वय गर्ने सम्बन्धमा।

सुनसरीको बराहक्षेत्र चतरामा यहि मिति २०८० चैत्र २७ गते देखि २०८१ वैशाख २८ गतेसम्म लाग्ने महाकुम्भ मेलाको धार्मीक आस्था प्रत्यक्षरुपमा धरान स्थित रहेका पिण्डेश्वर बाबाधाम मन्दिरसँग पनि जोडिएकोहुनाले यस मेलामा आउने दर्शनार्थीहरु धरानका विभिन्न मठमन्दिरमा समेत दर्शन गर्न आउने भएको जसबाट धरानको पर्यटक प्रबर्द्धनमा समेत टेवा पुग्ने देखिएकोहुँदा उक्त महाकुम्भ मेलालाई भव्यताका साथ सम्पन्न गर्नका लागि नगर प्रमुखज्यूको संयोजकत्वमा व्यवस्थापन समिति साथै अन्य उपसमिति समेत गठन भई सकेको हुँदा उक्त १२ वर्षे पूर्ण महाकुम्भ मेला सफल बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट सहजीकरण तथा समन्वय गर्ने निर्णय गरियो।

१३. जग्गा उपलब्ध तथा भवन निर्माण सम्बन्धमा।

क. भवन निर्माणका लागि जग्गा उपलब्ध सम्बन्धमा।

वि.सं. २०७० सालमा स्थापीत विभिन्न सामाजिक कार्य गर्दै आएको भोजपुर सुनसरी सेवा समाजको कार्यालय सञ्चालन गर्न, बैठक भेला कार्यक्रम, तालिम तथा गोष्ठि लगायतका विभिन्न कार्यक्रमहरु गर्नका लागि आफ्नै भवन नभएको साथै भवन निर्माण गर्नका लागि संस्थाको नाममा जग्गा नभएकोले भवन निर्माणका लागि साविक नगरपालिका क्षेत्रमा रहेका ऐलानीपर्ती जग्गा उपलब्ध गराइ संस्थाको भवन निर्माणका लागि सहयोग माग गर्नु भएकोमा उपयुक्त स्थानको खोजि गरि भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय गरियो।

ख. घर बनाउन जग्गा उपलब्ध सम्बन्धमा।

धरान उपमहानगरपालिका वडा नं. ८ साम्पाङ चोक निवासी नेपाली लोक गायक श्री सुरेश गन्धर्व लामो समयदेखि मुटु, मिर्गौला सम्बन्धी रोगले पिडित भई उपचारार्थ रहेको साथै निजको आर्थिक अवस्था

अत्यन्तै दयनिय रहेको र निजको कहिकतै बसोवासका लागि घर जग्गा जमिन समेत नरहेकोले धरान-८ स्थीत नमुना बस्तीमा घर बनाउने जग्गा उपलब्धका लागि निजको छोराले वडा कार्यालयमा दिएको निवेदन साथै सम्बन्धित वडा कार्यालयबाट सिफारिस माग भए बमोजिम निजलाई घर बनाउन ५ धुर जग्गा उपलब्ध गराउने निर्णय गरियो।

ग. साकेला थानको लागि जग्गा उपलब्ध सम्बन्धमा।

धरान उपमहानगरपालिका वडा नं. ५ आँपटारदेखि पूर्व र अधेरी खोलाको पश्चिमपट्टी रहेको खाली जग्गामा वृक्षारोपण गरी संरक्षण तथा संवर्द्धन गर्ने प्रतिबद्धता जाहेर गर्दै श्री सुम्निमा साकेला साँस्कृतिक समुह, धरान ५ बाट उक्त स्थानमा साकेला स्थल (थान) को रुपमा स्थापित गर्न जग्गा उपलब्धका लागि माग भए उक्त स्थानमा सुम्निमा साकेला साँस्कृतिक समुहको साकेला थान निर्माणको साथ साथै, किरात याक्थुम चुलम्लुङको पुजा स्थल र किरात समुदायको माङखिम निर्माणका लाई समेत जग्गा उपलब्ध गराउने निर्णय गरियो।

घ. भवन निर्माण समबन्धमा।

धरान उपमहानगरपालिका वडा नं. ५ दशघरे टोलमा कुरुम्भङ खजुम लिम्बु समाजले परापुर्वककाल देखि हकभोग गरि आएको अन्दाजी ०-२-६.५ क्षेत्रफल रहेको प्रति ऐलानी जग्गामा साधारण हाउसपेटी उठाई टिनको छानो भएको भवन निर्माणका लागि अनुमति माग गरेको साथै सम्बन्धित वडा कार्यालयबाट समेत भवन निर्माण गर्न अनुमतिका लागि सिफारिस गरिएकोमा उक्त जग्गा नापी नक्सा बमोजिम सार्वजनिक/सरकारी देखिएको र चारकिल्ला साँध सिमानामा तारजालीको घेराबारा लगाइएको र सो साँध सिमानामा कसैले पनि दावी विरोध नभएको भनि सम्बन्धित वडा कार्यालयको अमिनबाट समेत प्रतिवेदन प्राप्त भएकोहुँदा उक्त संस्था दर्ता भई वैधानिकरुपमा संचालन भएको संस्था रहेकोले भवन निर्माण गर्न स्वीकृति दिने साथै उक्त भवन निर्माण पश्चात बाँकि रहेको जग्गामा अरु संस्थाहरुलाई समेत हुने गरि भवन निमार्ण गर्न स्वीकृति दिने निर्णय गरियो।

ङ. बाटो खोल्ने समबन्धमा।

धरान उपमहानगरपालिका वडा नं. १७ स्थित रहेको फोम्बो आवाजुङ (लिम्बु) कल्याणकारी समाजले समाजको जग्गामा भवन निर्माण गर्नुपर्ने भएकोले उक्त जग्गामा जाने बाटोको पूर्व तर्फ छिर्नेबाटोमा ऐलानी जग्गा भएकोले उक्त ऐलानी जग्गाबाट संस्थाको भवन निर्माण स्थल सम्म पुग्न बाटो खुलाई सहयोग गरिदिन अनुरोध भई आएकोले उक्त भवन सम्म जाने बाटो खोल्ने निर्णय गरियो।

पूर्व प्राथमिक कक्षा तथा कक्षा थप अनुमति प्रदान गरिएका विद्यालयहरुको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति प्रदान गरिएको कक्षा |
|---|---|---|---|
| १ | ब्लोसम मन्टेश्वरी स्कुल | धरान -१२ | प्रारम्भिक बाल विकास |
| २ | धरान इङलिस बोर्डिङ स्कुल | धरान -५ | कक्षा - ६ |
| ३ | होली गार्डेन एकेडेमी | धरान -१ | कक्षा - ७ |
| ४ | विजयपुर माध्यमिक विद्यालय | धरान -१ | कक्षा - ५ |
| ५ | आशा एकेडेमी | धरान -६ | कक्षा - ९ |
| ६ | दिपेन्द्र स्मृति आधारभूत विद्यालय | धरान -१७ | कक्षा . ६ |
| ७ | कार्मेल हाइ स्कुल | धरान -१८ | कक्षा - ५ |
| ८ | उज्वल तारा एकेडेमी | धरान -६ | कक्षा - ८ |
| ९ | मदर इङलिस बोर्डिङ स्कुल | धरान - ५ | कक्षा - ३ |
| १० | एप्पल मन्टेश्वरी स्कुल | धरान - ११ | कक्षा - ५ |
| ११ | जोल साया एकेडेमी | धरान- ११ | कक्षा - ८ |
| १२ | धरान पिस एञ्जल एकेडेमी | धरान -८ | कक्षा - ५ |
| १३ | श्री सम्यक शिक्षा आधारभूत विद्यालय | धरान - १७ | कक्षा - ८ |
| १४ | किड्डि वर्ल्ड मन्टेश्वरी | धरान - १७ | नाम परिवर्तन (धरान पाठशाला) |